
## नेपाल उद्योग वाणिज्य महासंघ

# आगामी आर्थिक वर्ष २०८०-८१ को


# बजेटमा सुझाव

२०८० बैशाख २७ गते, बुधवार

# समष्टिगत आर्थिक सूचक



# सरकारी खर्च तथा राजस्व



# बजेटका प्राथमिकता

## आर्थिक सुधार एवं स्थायित्व

- तरलता व्यवस्थापन एवं कर्जा विस्तार
- विप्रेषण प्रवर्द्धन कार्यक्रम
- पूजीगत खर्च वृद्धि
- अनुत्पादक खर्चमा कटौती
- शुसासन

# आर्थिक रुपान्तरणका लागि निजी क्षेत्र प्रवर्द्धन

- प्रतिष्पर्धि औद्योगिक उत्पादन
- लघु, घरेलु, साना, मझौला उद्यम एवं स्टार्ट अप प्रवर्द्धन
- पर्यटन समृद्धिको आधार
- उर्जा उत्पादन, वितरण र निर्यात रणनीति
- कृषि इकोसिस्टम सुधार
- खनिजजन्य पदार्थ उपयोग र निर्यात
- निर्यात प्रवर्द्धन एवं आयात प्रतिस्थापन
- पूर्वाधार विकास
- राजस्व सुधार योजना

# आर्थिक सुधार एवं स्थायित्व

## तरलता व्यवस्थापन एवं कर्जा विस्तार

- नीतिगत दर, बैंकदर लगायत नीतिगत सुधार मार्फत ब्याजदर न्युनिकरण (हाल नीतिगत दर ७ प्रतिशत (५.५ प्रतिशत), बैंक दर ८.५ (७ प्रतिशत), अनिवार्य नगद मौज्दात ४ प्रतिशत (३.५ प्रतिशत)र वैधानिक तरलता सुविधा ८.५ प्रतिशत (७ प्रतिशत))
- प्रत्येक ३ महिनामा कर्जाको ब्याजदर पुनरावलोकन गर्ने विधिलाई संशोधन गरी तत्कालका लागि मासिक पुनरावलोकनको व्यवस्था
- निर्यातमुलक उद्योग, निर्माण, कृषि, पर्यटन पूर्वाधार, व्यापारिक यातायात, आयात प्रतिस्थापन गर्ने उद्योग र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा तत्कालै पुनरकर्जाको व्यवस्था
- कर्जाको लागत घटाउन घरजग्गा, व्यापारिक यातायात र शेयरधितो कर्जाको जोखिम भारलाई घटाउने ।

# तरलता व्यवस्थापन एवं कर्जा विस्तार

- कर्जाको पुर्नसंरचना एवं पुर्नतालिकीकरण
- बैंक वित्तिय संस्थाहरुको विद्यमान कर्जा निक्षेप अनुपातमा सहजीकरण
- समय सीमा तोकी निर्माण व्यबसायीहरुको भुक्तानी
- ् विदेशी आयोजनाहरुको समयमानै लेखा परिक्षण गरी सोधभर्ना लिनुपर्ने ।
- पूर्वाधार आयोजनाहरुको कार्यान्वयनमा सहजीकरण गर्न तत्काल उच्चस्तरीय एकद्धार समिति निर्माण
- संस्थागत कोषको रकम कम्तिमा २० प्रतिशत उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने व्यवस्था
- स्वदेशी वस्तुहरु खरिद गर्ने व्यवस्थाको कार्यान्वयन (२० प्रतिशत महंगो भएपनि खरिद गर्ने नीति आजैबाट शुरुवात )

# विप्रेषण प्रवर्द्धन कार्यक्रम

- My Country My Pride अभियान अन्तर्गत औपचारिक माध्यमबाट विप्रेषण पठाउन प्रोत्साहन (वैदेशिक रोजगारपत्र प्रभावकारी नभएको सन्दर्भमा निजी क्षेत्रद्वारा प्रवद्धित परियोजनामा लगानी गर्न अभिप्ररित गर्ने )
- देशभित्र विप्रेषण प्रवाहमा लगाईएको प्रतिबन्धको कारण विद्यार्थी,सुरक्षाकर्मी, अनौपचारिक क्षेत्रमा कामगर्ने व्यक्तिहरु लगायतका सामान्य कारोवार गर्न समेत कठिनाई भएकोले रु १ लाखसम्मको आन्तरिक विप्रषणलाई खुला गरिनुपर्ने ।
- औपचारिक माध्यमबाट विप्रेषण पठाउंने व्यक्तिलाई भिसा नविकरण, श्रम स्विकृति लगायतका शुल्कमा सहुलियत
- बैदेशिक रोजगारबाट फर्किएपछि पाउने हालको सहुलियतपूर्ण कर्जा सुविधालाई वैदेशिक रोजगारमा रहेकै बखत निजको आश्रित परिवारको सदस्यलाई दिने व्यवस्था ।
- निजी क्षेत्रको सहकार्यमा प्रत्येक पालिकाले वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई पायक पर्ने स्थानमा ४ महिनाको रोजगारमुखी तालिमको व्यवस्था ।

## शुसासन प्रवर्द्धन

- International Online Payment Gateway को व्यवस्था ।
- सबै सरकारी सेवा Online बाट हुने व्यवस्था (दर्ता, विवरण, दस्तुर भुक्तानी र कम्पनी तथा फर्म दर्ता तथा विवरण पेश )
- Digital Signature लाई सरकारी कामकाज, कम्पनी रजिष्ट्रारको कार्यालय, कर प्रशासन, सार्वजनिक खरिद कार्यालय, राष्ट्रिय परिचयपत्र आदिमा प्रयोग गर्नुपर्ने ।
- सरकारी सेवाको समय सीमा किटान गरि तोकिएको समयमा सरकारी सेवा नभए क्षतिपूर्ति पाउने व्यवस्था, सरकारी कर्मचारी तथा सरकारी कार्यालयको कार्यसंपादन मापनको मापदण्डमा समावेश गर्ने ।
- विद्युतीय माध्यमबाट कर परिक्षण गर्नुपर्ने ।

## प्रतिस्पर्धी औद्योगिक उत्पादन

- केन्द्र, प्रदेश र स्थानीय तहको नियमन मापदण्डमा एकरुपता
- अत्यधिक र पुराना कानुन ( केन्द्रमा करिब ४०० ऐन, ३५० नियमावली र थप अध्यादेश, निर्देशिका, प्रदेशमा ८० र स्थानीय ५० औषत ऐन, २०१२ सालका समेत दर्जनौं कानूनहरु) संसोधन परिमार्जन एवं पुर्नलेखन गरि व्यवसायमैत्री बनाउनुपर्ने ।
- एकै किसिम सेवा लिन दर्जनौ संस्थाहरु रहेको सन्दर्भमा एकिकृत सेवा प्रदान गर्नुपर्ने
  - लगानी बोर्ड, उद्योग विभाग, विशेष आर्थिक क्षेत्र, कम्पनी रजिष्ट्रार कार्यालय, राजश्व कार्यालय वाणिज्य विभाग, घरेलु कार्यालय, प्रदेश र स्थानीय तहमा अन्य निकाय, सहकारी विभाग लगायत
  - दर्ता इजाजत दिने निकाय, कर कार्यालय, उद्योग विभाग,

# प्रतिस्पर्धी औद्योगिक उत्पादन

- उद्योग, ब्यापार संग सम्बन्धित कानुनहरुको एकिकरण

| कर संहिता (Tax Code) | लगानी संहिता (Investment Code) |
|---|---|
| आय कर ऐन | औद्योगिक व्यवसाय ऐन |
| मूल्य अभिबृद्धि कर ऐन | कम्पनी ऐन |
| अन्त:शुल्क ऐन | सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन |
| भन्सार ऐन | साझेदारी फर्म ऐन |
| राजस्व न्यायाधिकरण ऐन | प्राइभेट फर्म ऐन |
| सम्पत्ति कर | विशेष आर्थिक क्षेत्र ऐन |
| स्थानीय कर | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन |

## प्रतिस्पर्धी औद्योगिक उत्पादन

- उद्योगलाई सुविधा दिंदा स्थानीय कच्चा पदार्थको प्रयोगको आधारलाई लिने ( ७० वा सो भन्दा बढि, ५० वा सो भन्दा बढि वा ३० वा सो भन्दा बढि स्थानीय कच्चा पदार्थ प्रयोग गर्ने उद्योगको वर्गिकरण गरी छुट तथा सुविधाको व्यवस्था)
- प्राकृतिक श्रोत साधनमा आधारित उद्योग (वनजन्य, खानीजन्य, जलजन्य, पर्यटन आदि ) हरुलाई विभिन्न मन्त्रालयले विभिन्न स्वरुपमा लिने शुल्क, दस्तुरलाई एकद्वार प्रणालीबाट लिने व्यवस्था ।
- उद्योगहरुलाई निर्वाध बिजुली आपूर्तिको सुनिश्चितता ।
- उत्पादनमुलक उद्योगहरुलाई PPA दरमा प्रति युनिट रु १ सेवा शुल्क (wheeling charge) लिई विद्युत बिक्रीको व्यवस्था ।

# प्रतिस्पर्धी औद्योगिक उत्पादन

- पहाडी क्षेत्रका प्रत्येक पालिकामा कम्तिमा ३०० रोपनी र तराईमा ५० विगाहा जमीन औद्योगिक क्षेत्र वा औद्योगिक ग्रामका लागि ।
- वातावरणिय परिक्षणमा संवेदनशिल क्षेत्र, भौगोलिक र व्यवसायको प्रकृतिको आधारमा फरक फरक मापदण्डको व्यवस्था ।
- IEE को लागि अधिकतम अवधि ३ महिना र EIA को अधिकतम समयावधि ६ महिनामात्र हुनुपर्ने ।
- उद्योग, खानी अन्वेषण तथा संचालन, पर्यटन पूर्वाधार, जलविद्युत उत्पादन तथा प्रशारण जस्ता उद्योगलाई सरकारी एवं सार्वजनिक जग्गा भोगाधिकार दिईसकेपछि जग्गा खरिद गरी दिनुपर्ने व्यवस्थाको खारेजी । ( रोयल्टी पनि तिर्ने र जग्गा खरिदगरी पनि दिनुपर्ने दोहोरो )
- उत्पादनमुलक निर्यात, कृषिजन्य, घरेलु तथा साना उद्योगहरुको कर्जाको अनिवार्य प्रत्याभूति (Credit Guarantee ) को व्यवस्था ।
- Assembling उद्योगलाई प्रोत्साहन गर्न आवश्यक सहुलियत
- Credit Recovery ऐनको व्यवस्था
- रुग्ण उद्योग पुर्नस्थापना गरी संचालन ।
- कालाबजारी एबं अन्य सामाजिक अपराध तथा सजाय सम्बन्धी ऐनको समयसापेक्ष संशोधन

## प्रतिस्पर्धी औद्योगिक उत्पादन

- ठेक्काको स्विकृति गर्दा अनिवार्य स्वदेशी वस्तु प्रयोग गर्ने व्यवस्था
- स्वदेशी उद्योगका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न निजी क्षेत्र र शैक्षिक संस्था, व्यवसायिक तालिमदिने संस्थाहरु बीच सहकार्य
- निजी क्षेत्रको सहकार्यमा यूवा स्वरोजगार, प्रधानमन्त्री रोजगार, प्रधामन्त्री कृषि सुधार कार्यक्रमलाई एकिकृत गरि उत्पादनसंग जोडनुपर्ने
- निजी क्षेत्रसंगको सहकार्यमा स्वदेशमा रासानिक मल कारखानाको स्थापना
- निजी क्षेत्रसंगको सहकार्यमा स्वदेशमै फलाम, पेट्रोल र ग्यांसको उत्खनन् तथा प्रसोधन
- मन्त्री परिषदको २०७५ सालको निर्णयबाट उद्योगहरुलाई विद्युत महशुलमा दिइएको छुटको कार्यान्वयन

# लघु, घरेलु, साना तथा मझौला उद्यम एवं स्टार्ट अप प्रवर्द्धन

- साना तथा मझौला उद्यमलाई विना धितो व्यवसायिक परियोजना कर्जा ।
- स्थानीय तहमा स्थापना हुने औद्योगिक ग्राममा साना तथा मझौला उद्यमलाई प्रोत्साहन
- ठूला उद्योगसंगको सम्पर्क स्थापना गर्न उद्यमीहरुलाई प्रोत्साहन
- मेरो उत्पादन मेरो पहिचान कार्यक्रम अन्तर्गत सातै प्रदेशमा पाँच प्राथमिकता प्राप्त उत्पादन प्रवर्द्धन कार्यक्रम
- निजी क्षेत्रसंगको साझेदारीमा केन्द्र र प्रदेशमा साना तथा मझौला उद्यम बिकास केन्द्र स्थापना
- स्टार्ट अप सम्बन्धी नीति यथाशिघ्र पारित ।
- निजी साझेदारीमा कोशेली घरलाई प्रोत्साहन

# पर्यटन समृद्धिको आधार

- Green Tourism, Business Plus Leisure (Bleisure) Tourism and MICE Tourism जस्ता उच्च मुल्य अभिवृद्धि हुने पर्यटन योजना प्रवर्द्धन गर्न पुर्वाधार निर्माण तथा बजारीकरणमा प्रोत्साहन ।
- तोकिएका वन तथा संरक्षित क्षेत्रहरुमा पर्यावरणीय प्रभाव न्युनिकरण गरि पानी, बिजुली, बाटो पर्यटकीय पुर्वाधारको निर्माण
- सन् २०२५ लाई भ्रमण वर्षको रुपमा घोषणा गरी पर्यटन प्रवर्द्धन ।
- चिनिया र भारतिय पर्यटकलाई नेपालमा अझबढी आकर्षित गर्नको लागि नेपाली कला संस्कृती तथा पर्यटकीय गन्तव्यहरुको पुर्ण जानकारी दिनेगरी भारत र चीनमा पर्यटन सम्मेलन आयोजना गर्ने ।
- आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भाव्य सार्वजनिक, संरक्षित र बन क्षेत्र पहिचान गरी उद्योगलाई न्यूनतम ५० वर्षसम्म जग्गाको भोगाधिकार उपलब्ध गराउने ।
- काठमांडौबाट अन्य अन्तराष्ट्रिय व्यवसायिक गन्तब्यमा ६ वटा उडान भर्ने हवाई कम्पनीहरुले अनिवार्य रुपले भैरहवा र पोखराबाट एकरएक उडान गर्नै पर्ने व्यवस्था गर्ने ।

# पर्यटन समृद्धिको आधार

- नेपाललाई अन्तर्राष्ट्रिय क्षेत्रमा उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्न **अन्तर्राष्ट्रिय पर्यटन क्षेत्र विज्ञापन कोष** स्थापना ।
- भारतीय पर्यटक लक्षित धार्मिक पर्यटनका प्याकेज प्रवर्द्धन ।
- भारतीय सिमा क्षेत्र र नजिकका पहाडी भूभागमा उच्चस्तरिय शिक्षा र स्वास्थ्य केन्द्र स्थापना
- भारतिय पर्यटकले प्रतिव्यक्ति १ लाख भारु र गहना ल्याउन पाउने व्यवस्था
- तोकिएको दस्तुर वार्षिक तिर्ने गरी क्यासिनोहरुका लागि ५ वर्षमा नविकरण गरेपुग्ने व्यवस्था
- आगामी पर्यटकीय मौसमलाई मध्यनजर गरी पर्यटक भिसा शुल्क मिनाहा

# उर्जा उत्पादन वितरण तथा निर्यात

- भारतीय लगानी आकर्षित गर्न र निर्यात बढाउन भारतमा उर्जा सम्मेलन आयोजना गरिने ।
- Wheeling Agreement सम्बन्धी नियम अभिलम्ब ल्याउनुपर्ने ।
- निजी क्षेत्रलाई विद्युत व्यापार एवं निर्यात इजाजत दिनुपर्ने ।
- निजी क्षेत्रवाट निर्माण हुने जलविद्युत आयोजनाहरूको पहुँच मार्ग एवं प्रशारण लाइन निर्माणको लागि आवश्यक वजेटको व्यवस्था ।
- उद्योग स्थल सम्म विद्युत पुऱ्याउनको लागि आवश्यक फिडर र पूर्वाधार । निजी क्षेत्रले आफैले निर्माण गरेको अवस्थामा सोको सोधभर्ना पाउने व्यवस्था ।

# उर्जा उत्पादन वितरण तथा निर्यात

- निजी तथा सरकारी साझेदारीमा जलाशययुक्त आयोजनाको निर्माण
- भारत बंगलादेशसंग विद्युत व्यापारका लागि उच्चस्तरीय संयन्त्रको गठन
- स्वदेशी पूंजिबाट निर्माण भएका उद्योगहरुमा १५ वर्षसम्म रोयल्टी मिनाहाको व्यवस्था
- नेपाल विद्युत प्राधिकरणको उत्पादन, वितरण र प्रशारण फरक फरक निकायले गर्ने

# कृषि इकोसिस्टममा सुधार

- प्राङ्गारिक पहाड (Organic Hill) कार्यक्रम । (Land Pooling, उच्च मूल्य अभिवृद्धि हुने वस्तुजस्तै फलफुल तरकारी खेती प्रवर्द्धन)
- खेतदेखि खाडिसम्म: नेपाली कृषिजन्य उत्पादनको खाडी मुलुकमा उच्च माग रहेको सन्दर्भमा उत्पादन देखि निर्यात गर्दा ढुवानीमा अनुदान सहितको विशेष प्याकेज ।
- उद्योग वाणिज्य संघको सहकार्यमा प्रत्येक पालिकामा आफ्नो विशिष्टकृत उत्पादनको लागि कम्तिमा एक कृषि उपज (फलफूल, तरकारी तथा खाद्यान्न) बजार ।
- व्यवसायिक कृषिलाई प्रवर्द्धन गर्न करार खेती ऐन ।
- किसानलाई समयमा मलको उपलब्धता सुनिश्चित गर्न निजी क्षेत्रलाई पनि सरकारी सरह सहुलियत दिएर आयात एवं विक्रि वितरण गर्न दिइनुपर्ने ।

# कृषि इकोसिस्टममा सुधार

- कृषकले उत्पादन गरेको र संकलनको आधारमा स्थानीय तहमा अनुदान दिने व्यवस्था
- खाद्यान्न प्रशोधन तथा पशुपंक्षी उद्योगलाई सहुलियत कर्जाको व्यवस्था गर्नुपर्ने ।
- मध्यपहाडी लोकमार्ग छेउछाउमा भेडाबाख्रा पालन प्रोत्साहन गर्नुपर्ने ।
- कृषि उत्पादन र वाली भित्र्याउन उच्च प्रविधिको प्रयोग बढाउन लक्षित कार्यक्रम ।
- सरकारी बांझो जमिन नेपाल उद्योग वाणिज्य महासंघ मार्फत कृषिजन्य उत्पादनका प्रयोगमा ल्याउने व्यवस्था ।
- विगतमा संचालनमा रहेको Cold room उपभोक्ता साझेदारीको स्पष्ट नखुलेको कारण प्रभावकारी रुपमा संचालन नभएकोले स्थानीय उद्योग वाणिज्य संघको साझेदारी संचालन (विशेषगरी तरकारी बजारमा सामान्य व्यवसायीहरुको सहयोग)

# कृषि इकोसिस्टममा सुधार

- उच्च निर्यात र आयात प्रतिस्थापनको सम्भावना भएका मुख्य वस्तु तथा स्थान पहिचान गरि विशेष कार्यक्रम संचालन गरिनुपर्ने (धान, गहुँ, मकै, जडिबुटी, तरकारी, फलफुल, माछा, मासु, डेरी, अलैची)
  - पहिचान गरिएका वस्तुहरुको आयमा ५ वर्षसम्म आयकर छुट
  - यी वस्तुहरुमा Tariff protection को व्यवस्था
  - सरकारले खरिद गर्ने सुनिश्चितता
  - आवश्यक कोषको सनिश्चतता
  - सहायक सेवा Collection, packaging, cooling, processing को व्यवस्था

# खनिजजन्य पदार्थ उपयोग एवं निर्यात

- वातावरणीय प्रभाव नपर्ने गरि मापदण्ड निर्धाण गरी चुनढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् तथा बिक्री वितरण (नदीहरुले बगाएर ल्याएको झण्डै २ अर्ब डलर बरावर उत्पादन गर्न सकिने अनुमान )
- क्लिङ्कर र सिमेन्ट उत्पादनका लागि आवश्यक पुर्वाधार निर्माण र निकासी प्रोत्साहन कार्यक्रम
- स्वदेशी आवश्यकतालाई परिपूर्ति गर्न पहाडी क्षेत्रका EIA भएका आयोजनालाई संचालन अनुमति

# निर्यात प्रवर्द्धन

- निर्यातमा १० प्रतिशत नगद अनुदान र भन्सार विन्दुवाट निकासी भएको सात दिन भित्र अनलाइनबाट सम्वन्धित निर्यातकर्ताको बैक खातामा भुक्तानी ।
- ५० प्रतिशत भन्दा बढी मूल्य अभिबृद्धि गरी भारत निर्यात गरेमा समेत नगद अनुदान ।
- निर्यात उद्योगहरुलाई बढिमा ५ प्रतिशत ब्याजदरमा आवश्यक कर्जाको प्रत्याभूति ( Preshipment and post shipment) ।
- उच्च मूल्य वृद्धि र साना क्षेत्रलाई निर्यातसंग जोड्न Export House को नीति कार्यान्वयन ।
- अन्तर्राष्ट्रिय मान्यता प्राप्त Accredited Lab को स्थापना गर्नुपर्ने ।
- निजी क्षेत्रको नेतृत्व र सरकारको सहकार्यमा LDC स्तरोन्नती रणनीति ।
- युरोपियन यूनियन, चीन र अमेरिका संग द्विपक्षीय सम्झौता गर्नुपर्ने ।


# निर्यात प्रवर्द्धन

- नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला (NITF) को लागि पर्याप्त बजेट बिनियोजन ।
- मूल्य अभिबृद्धिका आधारमा सुन, चाँदी, हिराका गरहना निर्यात गरेमा सुन, चाँदी, हिरा पैठारी गर्दा लागेको भन्सार लगत राखि भन्सार फिर्ता दिने व्यवस्था ।
- निर्यात भएको वस्तुको बिदेशबाट भुक्तानी प्राप्त गर्नको लागि अनलाईन payment gateway मा समस्या रहेकोले अनलाईन (e-commerce) भुक्तानीको व्यवस्था ।
- नेपालमा फर्म वा कम्पनी दर्तागरी Software programing, Business process outsourcing, Cloud compeering उत्पादन र निर्यात गर्ने कम्पनीलाई १० वर्ष सम्म पूर्णरुपमा कर छुटको व्यवस्था ।
- प्रत्येक वर्ष राष्ट्रिय निर्यात दिवसको मनाई निर्यातकर्तालाई प्रोत्साहन गर्नुपर्ने ।

# पूर्वाधार

- सिमेन्ट र कंक्रिट सडकको आयु लामो भएकोले सोहि अनुसारको सडक निर्माणको नीति अवलम्बन ।
- नेपालगंज, भैरहवा र बिराटनगरमा रेलमार्गमा आधारित सुक्खा वन्दरगाह निर्माण
- पूर्वपश्चिम विद्युतीय रेलमार्ग निर्माण ।
- निजगढ विमानस्थलको निर्माण ।
- नेपाल सरकारद्वारा संचालन हुने शहरी विकास आयोजनामा निजी क्षेत्रलाई सहभागि गराउनुपर्ने

## Pending disputes




| | 2073/74 | 2074/75 | 2075/76 | 2076/77 | 2077/78 | 2078/79 |
|---|---|---|---|---|---|---|
| Admininstrative review Total | 1243 | 1453 | 1741 | 1728 | 1395 | 1721 |
| Admininstrative review Remaining | 1047 | 1279 | 1240 | 868 | 1063 | 1295 |
| Revenue Tribunal Total | 1549 | 1045 | 959 | 1013 | 1502 | |
| Revenue Tribunal Remaining | 576 | 550 | 666 | 808 | 1260 | |

# राजस्व प्रणाली सुधार

- राजस्व नीति र नीतिगत स्थायीत्व ।
- उहि प्रकृतिको करदातालाई  समान करको व्यवहार ।
- अनधिकृत व्यवसाय तथा न्यूनबिजकीकरणको समस्याको पूर्ण समाधान ( अनधिकृत व्यवसायको कारण औपचारिक क्षेत्रको करको बोझ उच्च भएको )
- करदाताले कर तिर्दा स्वतस्फूर्त कर तिर्ने वातावरणको थप व्यवस्थित एवं प्रोत्साहन ।
- Fairness, equity, reciprocity and accountability  based tax reform program ( World Bank, OECD )

# राजस्व प्रणाली सुधार

- पाँच वर्षभन्दा पुरानो बक्यौता कर रकमको फरफारक गर्न ब्याज र जरिवाना छुट गरी एक पटकलाई विशेष व्यवस्था ।
- लेखाङ्कन प्रयोजनका लागि आवश्यक न्यूनतम शुल्क लिई एक पटकको लागि सम्पत्ति अभिलेखिकरणको व्यवस्था ।
- बढि बुझाएको कर समयमा सोझै करदाताको बैंक खातामा फिर्ता हुने व्यवस्थाको कार्यान्वयन ।
- रु १ करोडसम्म कारोवार भएका सबै करदाता (कम्पनी, साझेदारी वा प्राईभेट फर्म) ले कर विवरण बुझाउंदा  लेखा परिक्षण गर्न नपर्ने व्यवस्था ।
- मिसम्याच समयोजनको अवधि १ वर्ष थप ।

# राजस्व प्रणाली सुधार

- सूचिकृत कम्पनीहरुले FPO जारी गर्दा पुंजिकरण गरिएको प्रिमियम मूल्यमा तथा मर्जर र प्राप्ती पछि कायम हुन गएको पूंजगित जगेडाको पूंजीकरणमा सो बखत कम्पनीमा कर नलाई निसर्ग गर्दाको बखतमा कर लाग्ने व्यवस्थालाई स्पष्ट ब्याख्या गरी बेरुजु फर फारक ।
- कर निर्धारण र संकलन गर्ने प्रक्रियालाई थप प्रभावकारी बनाउनको लागि हाल रहेको चार वर्ष भित्र संसोधति कर निर्धारण गरिसक्नु पर्ने व्यवस्थालाई परिमार्जन गरी दुई वर्ष भित्र संसोधित कर निर्धाण गरिसक्नु पर्ने ।
- राजस्व अनुसन्धान लगायत अन्य निकायले गरिने अनुसन्धानको सन्दर्भमा थप एक वर्ष भन्दा बढीको समय सीमा राख्न नहुने ।
- राजस्व सम्बन्धी कानूनहरुमा रहेका शुल्क, ब्याज तथा जरिवाना समसामयीक रुपमा घटाउनु पर्ने ।
- काठमाडौं उपत्यका बाहिर कारोबारको रकम र संख्या हेरी ठूलाकरदाता कार्यालय स्थापना ।

## राजस्व प्रणाली सुधार

- स्थानीय उद्योगहरुको प्रतिस्पर्धी क्षमता बढाउन र समान अवसर (Equal level Playing Field) प्रदान गर्न परियोजनामा विदेशी फर्म तथा कम्पनीले करार सम्झौता गरी मालवस्तु आपूर्ति गर्दा विदेशी कम्पनीले पाए सरहका कर सुविधा प्रदान गर्नुपर्ने ।
- औद्योगिक व्यवसाय ऐन २०७६ ले दिएका कतिपय कर सम्बन्धी सुविधाहरु आयकर ऐन र आर्थिक ऐनमा प्रष्टसंग व्यवस्था गर्नुपर्ने ।

# कर तथा लेखा सम्बन्धी तालिमको व्यवस्था

- हाल स्थानीयस्तरमा कर तथा लेखा सम्बन्धी व्यवहारिक ज्ञानको अभावमा लेखा विवरण यर्थाथ नहुने तथा व्यवसायीहरुको मिचम्याच समेत भएकोले अधिकांश करदाता करको दायरामा आउन सकेका छैनन
  - ४९.९ प्रतिशत व्यवसाय दर्ता नभएका केन्द्रिय तथ्याङ्क विभाग, २०१८
  - आयकरमा ४६ प्रतिशत करदाताले विवरण नबुझाएका, मूल्य अभिवृद्धि करमा ३३ प्रतिशतले विवरण नै नबुझाएका, ४५ प्रतिशत दर्तावालले सरकारसंग मूल्य अभिवृद्धि कर फिर्ता विवरण माग गरेका, ३० प्रतिशतले शुन्य कारोवारको विवरण बुझाएका (वार्षिक प्रतिवेदन, आन्तरिक राजस्व विभाग, २०७८।७९ )
- युवाशक्ति स्वदेशमा बेरोजगार भई विदेशमा जान बाध्य भएको अवस्थामा १२१ जिल्ला तथा नगर उद्योग वाणिज्य संघका क्षेत्रभित्रका कम्तिमा ४० जनाका दरले लेखा तथा कर विवरण बुझाउने सक्ने दक्ष जनशक्ति तयार भई रोजगारी पाउने ।
- करको दायरा समेत बढ्ने र व्यवसायीहरु समेत करको दायरामा आउने भएकोले कार्यक्रमका लागि नेपाल सरकारबाट आवश्यक बजेट विनियोजन गरी महासंघसंग साझेदारीमा काम गर्ने ।

# राजस्व न्याय प्रणाली

- आन्तरिक राजस्व विभाग कानूनको कार्यान्वयन गर्ने निकाय भएकोले मन्त्रालयस्तरमा छुट्टै प्रशासकीय पुनरावलोकन इकाईको गठन गर्नुपर्ने ।
- उक्त इकाईले साना निश्चित रकम (रु एक करोड) सम्मको कर सम्बन्धी विवाद द्रुत प्रक्रियाबाट टुङ्ग्याउने सक्ने प्रावधान समेत व्यवस्था गर्ने ।
- प्रशासकीय पुनरावलोकनमा जाँदा विवादित कर रकमको १० प्रतिशत भन्दा बढी धरौटी राख्न नपर्ने । उक्त धरौटी रकम बैंक जमानत मार्फत पनि राख्न सकिने ।
- राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्दा हाल ५० प्रतिशत धरौटी राख्नुपर्ने विद्यमान व्यवस्था सुधार गरी २५ प्रतिशत बैंक प्रत्याभूति मार्फत राख्ने व्यवस्था हुनु पर्ने ।
- राजस्व न्यायाधिकरणमा राजस्व सदस्य र लेखा सदस्य स्वतन्त्र विज्ञ व्यक्ति रहने व्यवस्था ।
- करदाताको पक्षमा फैसला भएमा फिर्ता पाउने रकममा सरकारले लिने सरह ब्याज हिसाव गरी बढीमा ६० दिन भित्र करदाताको बैंक खातामा सोझै फिर्ता गर्नुपर्ने ।

TABLE 1. SUMMARY OF TARIFF REFORM SCENARIOS AND ASSOCIATED REVENUE IMPACT

| | Scenarios | Reduction in revenues from tariffs (%) | Reduction in revenues from all taxes on imports (%) |
|---|---|---|---|
| (1) | Elimination of tariffs in raw materials | 6.6 | 2.6 |
| (2) | Elimination of tariffs in intermediate goods | 27 | 9.9 |
| (3) | Elimination of tariffs in capital goods | 20.7 | 6.2 |
| (4) | Elimination of tariffs in cotton fabrics | 0.6 | 0.2 |
| (5) | Elimination of tariffs for key intermediate inputs imported by apparel, pashminas, and carpet manufacturers | 1.2 | 0.5 |

Source: Trade Policy Reforms for 21st Century: The Case of Nepal, world Bank


# भन्सार प्रणालीमा सुधार

- उद्योगको कच्चा पदार्थको भन्सार महशुल क्रमशः शुन्य गर्नुपर्ने ।
- भन्सार महशुल शुन्य नहुन्जेल सम्मका लागि मालवस्तु पैठारीगर्दा तयारी वस्तुभन्दा कच्चापदार्थको भन्सार महशुल दुई तह कम हुनुपर्ने ।
- जाँचपास पछिको परिक्षण (PCA) दुई वर्ष भित्र सम्पन्न गरि सक्नुपर्ने ।
- तेश्रो मुलुकमा उत्पादित तोकिएका सामानहरु भारतबाट बीजक जारी गरि नेपाल आयात गर्न पाउने व्यवस्था । जस्तै कोईला, खानेतेल
- भन्सार मूल्यांकन र वर्गिकरणमा विवाद भई धरौटीमा छुटेका सामानको सम्बन्धमा ३० दिन भित्र निर्णय गर्नुपर्ने । अन्यथा पैठारीकर्ताको घोषणालाई मान्यता ।

# भन्सार प्रणालीमा सुधार

- खुला सीमाबाट हुने अवैध व्यापारलाई नियन्त्रण ।
- प्रमुख भन्सार नाकाहरुमा अन्तर्राष्ट्रिस्तरको भौतिक पूर्वाधारहरुको व्यवस्था । (Scanning machine, Accredited Laboratories, Quarantine, Fumigation, Cold Room )
- तोकिएको अन्तर्राष्ट्रिय गुणस्तरको प्रमाण पत्र लिएका वस्तुको मात्र पैठारी ।
- व्यापार सहजीकरणका लागि अन्तराष्ट्रिय व्यापारमा National Single window व्यवस्थाको कार्यान्वयन । यसका लागि हाल संसदमा पेश भएको भन्सार ऐन तत्काल ल्याउने
- Authorized Trusted Traders को व्यवस्था र कार्यान्वयन ।

**Figure 2: Average statutory CIT rate by region, 1980 and 2021** (Per cent)



## ❖ आयकरमा सुधार

- अन्तराष्ट्रिय अभ्यास बमोजिम संस्थागत आय करको दरमा कटौती ।
- मुनाफाको ४० प्रतिशत वा बढि रकम सोहि कम्पनीमा पुर्नलगानी गरेमा आय कर छुट ।
- निकायले पूँजीकरण गर्ने बोनश सेयरले सो निकायको लगानीको क्षमता बढाउने भएकोले उक्त बोनश शेयरलाई लाभांशको रुपमा गणना गरी कर लगाउन नहुने ।
- बैंक, वित्तीय संस्था, ब्रोकर, सामान्य बीमा, मनि ट्रान्सफर, इन्टरनेट,विशिष्टिकृत लगानी कोष व्यवस्थापकलाई संस्थागत आयकरको दर २५ प्रतिशत ।
- स्वदेशी प्राकृतिक श्रोतमा आधारित जलविद्युत,खानीजन्य, कृषिजन्य र पर्यटन जस्ता रु ५० करोड भन्दा बढी लगानी तथा १०० जना भन्दा बढीलाई रोजगारी दिने उद्योगहरुलाई व्यवसाय संचालन भएको १० वर्ष सम्म आयकर छुट ।
- साना करदाता (डे १, डे २ विवरण बुझाउने करदतालाई) आयकर सहुलियतको व्यवस्थाको निरन्तरता ।
- कर्णाली र सुदुरपश्चिम प्रदेशमा स्थापना हुने उद्योग, पर्यटन कम्पनीलाई १५ वर्षको आयकर छुटको व्यवस्था ।

## ❖ आयकरमा सुधार

- स्थायी लेखा नम्बर लिई कारोबार गर्ने करदाता लाई अधिकत पाँच प्रतिशत भन्दा बढी अग्रीम कर कट्टीको दर तोक्न नहुने ।
- अन्तर्राष्ट्रिय कार्गो सेवा नेपाल बाहिर प्रदान गरीने भएकोले आयको श्रोत नेपाल बाहिर हुने भएकोले त्यस्तो सेवा वापत गरिने भुक्तानीमा हाल लिई आएको दुई दशमलव पाँच प्रतिशतको अग्रीम कर कट्टीको व्यवस्था खारेजी ।
- आयकर ऐनको दफा ५७ (नियन्त्रणमा परिवर्तन) को प्रावधान तीन पुस्ता भित्र गरिने हक हस्तान्तरणमा लागु गर्न नहुने ।
- व्यवसायीहरुले घरबहाल वापत तिर्नुपर्ने घर बहाल कर स्थानीय निकाय वा आन्तरिक राजस्व कार्यालय मध्ये कुनै एक निकायमा मात्र बुझाउने व्यवस्था ।
- सबै करदाताको कर चुक्ता प्रमाणपत्र विद्युतीय माध्यमबाट जारी गर्ने व्यवस्था ।

## ❖ पूंजी बजार

- धितोपत्र बोर्ड र नेपाल धितोपत्र विनिमय बजारको पुनसंरचना गर्नुपर्ने ।
- संस्थागत व्यवसायीलाई प्रोत्साहन गर्न शेयर कारोबार गर्ने मात्र उद्देश्यले स्थापना भएका कम्पनीको संस्थागत आयकर दरलाई समसामयिक बनाउने ।
- व्यक्तिको हकमा स्रोतमा नै कर कट्टा भएको पूँजीगत लाभ करलाई अन्तिम मान्नुपर्ने ।
- शेयर धितो कर्जाको एकल ग्राहक सीमा रु १२ करोड लाई हटाउनु पर्ने ।
- आयकर ऐनको दफा १० मा संशोधन गरी कर छुट हुने प्रावधानमा विशिष्टीकृत लगानीकोष नियमावली २०७५ अन्तरगत नेपाल धितोपत्र बोर्डमा दर्ता भएका कोष थप गर्नुपर्ने ।

## ❖ मूल्य अभिबृद्धि करमा सुधार

- हालको १३ प्रतिशत मूल्य अभिबृद्धि करलाई अधिकतम दर मानी बहुदर लैजाने ।
- साना मझौला (SMEs) व्यवसायका लागि मू.अ. करको चौमासिक विवरण ।
- मूल्य अभिवृद्धि कर छुट बस्तुहरु उत्पादन गर्ने उद्योगले शुन्य दरमा मू.अ. करमा ऐच्छिक रुपमा दर्ता हुनसक्ने व्यवस्था ।
- मू.अ. करमा दर्ता भएका करदाताको हकमा ऐन को दफा ८.३ (Reverse VAT) लागु नहुने ।
- खासगरी Capital Intensive उद्योगहरुले मूल्य अभिवृद्धि कर फिर्ता पाउन लामो समय लाग्ने गरेकोले यी उद्योगहरुको मूल्य अभिवृद्धि कर निर्यात सरह तत्काल फिर्ता हुने व्यवस्था

## ❖ अन्तःशुल्क

- सुर्ती, मदिरा, गुड्खा र सवारी साधन बाहेक अन्य सबै वस्तुहरुमा अन्तःशुल्कको दरलाई क्रमशः घटाउदै तीन वर्ष भित्र शुन्य बनाउने ।
- जर्ति, प्रतिलब्धी दर र टुटफुटको निर्णय समयमा नहुंदा धेरै विवादहरुको समाधान समयमा हुन नसकेकोले क्षेत्रगत रुपमा प्रतिलब्धी दर समयमा तोक्ने व्यवस्था ।
- विश्व व्यापार संगठनको मान्यता विपरित केहि क्षेत्रमा कच्चा पदार्थमा लगाईएको अन्तःशुल्क खारेज हुनुपर्ने ।

# धन्यवाद !